प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्याः २०७५/०७६

चलानी नं.: २११६

मितिः २०७५/१२/१२

श्री शिक्षा, युवा तथा खेलकूद शाखा,

प्रदेश नं. ५ अन्तर्गतका सबै उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु।

**विषयः खेलाडी सहभागी गराइदिनु हुन।**

प्रस्तुत विषयमा मिति २०७६/०१/२३ देखी २५ गते सम्म प्रथम मुख्यमन्त्री रनिङ शिल्ड खुल्ला प्रतियोगिता रुपन्देहीमा सञ्चालन हुने भएको र उक्त प्रतियोगितामा प्रदेशका १२ वटा जिल्लाका जिल्ला खेलकूद विकास समितिले मिति २०७६/०१/१४ देखी १९ भित्र जिल्लाका सबै पालिकाहरुको सहभागितामा छनौट प्रतियोगिता आयोजना गरी ०७६/०१/२० गते जिल्लाबाट प्रदेश स्तरमा सहभागी हुने खेलाडीको विवरण यस मन्त्रालयमा पठाउने गरी जिल्ला खेलकूद विकास समितिलाई यस अघि नै पत्राचार भएको छ। अतः सबै स्थानीय तहले आ-आफ्नो स्थानीय तहको खेलाडी तपसिलको विधामा जिल्ला स्तरको छनौट प्रतियोगितामा सहभागि हुन पठाइदिनु हुन अनुरोध छ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडी सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा र १८ वर्ष पुरा भै ४० वर्ष ननाघेको हुनुपर्नेछ। जिल्लामा संचालन हुने प्रतियोगितामा स्थानीय तहबाट खेलाडी पठाउँदा आवश्यक खर्चको व्यवस्था स्थानीय तहबाटै हुने र जिल्लाबाट छनौट भै प्रदेश स्तरमा सहभागी हुँदा प्रदेश सरकारबाट स्वीकृत मापदण्ड बमोजिमको दैनिक भत्ता र यातायात खर्च यस मन्त्रालयबाट उपलब्ध हुने व्यहोरा अनुरोध छ।

तपसिलः

| सि.नं. | खेलको नाम | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| १ | भलिबल | ✓ | ✓ | |
| २ | ब्याडमिन्टन (डबल) | ✓ | ✓ | |
| ३ | चेस | – | ✓ | |

प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

पत्र संख्या: २०७५/०७६

चलानी नं.: २११६

| | | | | |
|---|---|---|---|---|
| ४ | एथलेटिक्स दौड | महिला १५०० मि. | पुरुष ५००० मि. | |
| | एथलेटिक्स सटफूट | ✓ | ✓ | |
| ५ | मार्सलआर्ट - तेक्वान्दो | ✓ | ✓ | |
| | मार्सलआर्ट - ITF तेक्वान्दो | ✓ | ✓ | |

पुनश्चः- कुस्ती र योग शो-गेमका रुपमा सञ्चालन हुने भएकाले इच्छुक व्यक्तिले जिल्ला खेलकूद विकास समितिको सिफारिस लिई आउनु हुन। यी खेलमा जिल्लावाट १/१ जना मात्र सहभागी हुने व्यवस्था छ।

(सूर्य प्रसाद भुसाल)
उप-सचिव
**उप-सचिव**

बोधार्थः

श्री जिल्ला समन्वय समिति (१२ वटै जिल्ला) - स्थानीय तहमा समन्वय गरिदिनुहुन।

श्री जिल्ला खेलकूद विकास समिति (१२ वटै जिल्ला) - स्थानीय तहसँग समन्वय गरी छनौट प्रतियोगिता सञ्चाल गर्नुहुन।